नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..................................................शाखा)

प.सं.:

सिंहदरबार, काठमाण्डौ

च.नं.:

## प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री **श्री धनराज गुरुङज्यू** र नेपालका लागि गणतन्त्र कोरियाका राजदुत, **Mr. Park Taeyoung** (पार्क ताइयोङ्ग) ज्यू बीच आज सम्बत् २०८० साल असोज २४ गते बुधबार तद्अनुसार ११ अक्टोबर, २०२३ का दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ता क्रममा माननीय मन्त्रीज्यूले नेपाल र गणतन्त्र कोरिया बीच सन् १९७४ मा कुटनीतिक सम्बन्ध कायम भएको र हालसम्म दुई देश बीच प्रगाढ सम्बन्ध रहेको धारणा व्यक्त गर्नु भयो । आगामी वर्ष दुई देश बीचको कुटनीतिक सम्बन्धको ५० औ वर्षगाँठ मनाउँदै छौं भन्नु हुँदै आगामी दिनमा यो सम्बन्ध अझ सुमधुर बन्ने र महामहिमज्यूको कार्यकाल अझ स्मरणीय बन्ने अपेक्षा समेत गर्नु भयो । साथै उहाँले नेपालको विकास अभियानमा गणतन्त्र कोरियाले पुऱ्याउँदै आएको बहुआयामिक सहयोगको लागि आभार प्रकट गर्नु भयो ।

भेटका क्रममा महामहिम राजदुत, **श्री पार्क ताइयोङ्गज्यूले** कानून मन्त्रीज्यूलाई गत २७ सेप्टेम्बरमा गणतन्त्र कोरियाको राष्ट्रिय दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागी हुनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दै नेपाल र कोरियाको संस्कार, संस्कृति, धर्म, रहनसहन लगायतमा समानता रहेको कुरा बताउनु भयो । उक्त अवसरमा उहाँले EPS कार्यक्रमको माध्यमबाट People to People सम्बन्ध प्रगाढ भएको र नेपालको आर्थिक तथा सामाजिक विकासमा साझेदार हुन पाउँदा खुशी लागेको बताउँदै आगामी दिनमा कृषि, विद्युत उर्जा, पर्यावरणीय क्षेत्र तथा द्विपक्षीय लगानी संरक्षण लगायतका क्षेत्रमा सहकार्य गरिने जानकारी गराउनु भयो । साथै उहाँले नेपालको समग्र आर्थिक, सामाजिक, न्यायिक विकास एवम् सुशासनको क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

(कोशलचन्द सुवेदी )
सहसचिव एवम् प्रवक्ता

मितिः २०८०।०६।२४

फोन : ०१-४२००२२५, ४२११९७४, ४२११९७८, फ्याक्स नं.: ०१-४२११६८४, इमेलः infolaw@moljpa.gov.np